

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ ६ गते बुधबार ❑ 23 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## एमसिसी सम्झौता भदौ १३ गतेदेखि लागू गर्ने निर्णय

रासस
काठमाडौं, ५ भदौं

अर्थ मन्त्रालय र अमेरिकी सरकारअन्तर्गतको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बीच छ वर्षअघि भएको मिलेनियम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) को पूर्णरूपमा लागू हुने मिति (इन्ट्री इन टु फोर्स-इआइएफ) तोकिएको छ।

गत साउन ३१ गते बसेको मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए-नेपाल) को सञ्चालक समिति बैठकले भदौ १३ लाई इआइएफ मिति तोकेको एमसीए नेपालले जानकारी दिएको छ। एमसिसी नेपाल कम्याक्टअन्तर्गत कार्यान्वयन हुने विद्युत् प्रसारणलाइन र सडक निर्माणसम्बन्धी आयोजनाको काम इआईएफ मिति घोषणा भएको पाँच वर्षभित्रमा सम्पन्न गरिसक्नुपर्नेछ। यसरी पाँच वर्ष गणना थालिने अवधि यही भदौ १३ गतेलाई तोकिएको हो । "एमसीए-नेपाल सञ्चालक समितिले एमसिसी नेपाल कम्प्याक्ट कार्यक्रमलाई २०८० साल भदौ १३ गते कार्यान्वयन चरणमा प्रवेश (इआइएफ) गराउने निर्णय गरेको छ", एमसीए-नेपालले भनेको छ, "जग्गा प्राप्ति तथा मुआब्जा वितरणसम्बन्धी केही कार्य सम्पन्न गर्न बाँकी रहेको छ तर एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रमलाई कार्यान्वयनमा प्रवेश गराइसकेपछि र छनोट भएका निर्माण कम्पनीलाई कार्यस्थलमा पहुँच आवश्यक हुने हुँदा निकै अघि नै ती कार्य सम्पन्न गरिनेछ।" अमेरिकी अनुदानसम्बन्धी यो सम्झौतामा हस्ताक्षर भएदेखि लागू हुने अवस्थासम्म आइपुग्न छ वर्ष लागेको छ । अर्थ मन्त्रालय र एमसिसीबीच २०७४ भदौ २९ (२०१७ सेप्टेम्बर १४) मा भएको सम्झौता २०७८ फागुन १५ गतेको संसद् बैठकबाट १२ बुँदे व्याख्यात्मक घोषणासहित अनुमोदन भएको थियो । कम्प्याक्टअनुसार इआइएफपछि एमसीसी लागू हुने पाँच वर्षे अवधिको गणना सुरु हुन्छ। सुरुआती सम्झौतामा २०७७ असार १६ गते (२०२० जुन ३०) देखि इआइएफ सुरु हुने भनिएको थियो तर एमसिसी कम्प्याक्ट संसद्बाट अनुमोदन गर्ने विषय लामो समयसम्म विवादित बन्दा र कम्प्याक्ट लागू हुनुअघि पूरा गरिसक्नुपर्ने भनिएका काम समयमै नसकिँदा इआइएफ मिति घोषणामा ढिलाइ भएको हो । इआइएफका लागि पूर्वसर्तका रूपमा रहेको जग्गा प्राप्ति भने अझै बाँकी छ।

इआइएफअघि पूरा गर्नुपर्ने भनिएका छ वटा पूर्वसर्तमध्ये जग्गा प्राप्तिबाहेकका पाँचवटा सर्त पूरा भइसकेका छन् । एमसीसी कार्यक्रम कार्यान्वयनका लागि सम्झौतामा हस्ताक्षर गर्ने, यो परियोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गर्ने, नियामक निकायका रूपमा विद्युत् नियमन आयोग गठन गर्ने र बुटवल-गोरखपुर प्रसारणलाइन निर्माणमा भारतको सहमति लिनुपर्ने पूर्वसर्त पूरा भइसकेका छन् । अर्को पूर्वसर्तका रूपमा रहेको जग्गा प्राप्तिसम्बन्धी प्रक्रिया पर्याप्त र सन्तोषजनक रूपमा अगाडि बढिसकेको अवस्थामा इआइएफमा प्रवेश गर्दा हुने समझदारी एमसिसीसँग भएको आधारमा इआइएफको मिति तोकिएको एमसीए नेपालले जनाएको छ । एमसीए-नेपालअन्तर्गत बन्ने विद्युत् प्रसारण आयोजनाका लागि कूल एक हजार चार सय ७१ हेक्टर र नुवाकोटमा निर्माण गरिने रातामाटे सवस्टेशनका लागि करिब २० हेक्टर क्षेत्रफल जग्गा आवश्यक पर्छ । प्रसारणलाइनमा पर्ने करिब आठ सय ५६ वटा विद्युत् प्रसारण टावर बनाउन एक सय चार हेक्टर जग्गा आवश्यक पर्नेछ भने भोगाधिकार क्षेत्रअन्तर्गत एक हजार तीन सय ४७ हेक्टर जग्गा रहेको छ। सवस्टेशनका लागि चाहिने जग्गाको विवाद बाँकी रहेको र प्रसारणलाइनका लागि चाहिने जग्गाको मुआब्जा वितरणको काम केही स्थानमा सुरु भइसकेको एमसीए-नेपालले जनाएको छ।

पारिवारिक विवाद रहेको एक कित्ता जग्गाबाहेक रातामाटे सवस्टेशनका लागि आवश्यक सम्पूर्ण जग्गाको मुआब्जा वितरण गरिसकिएको छ । अहिले विद्युत् प्रसारण टावर निर्माणका लागि चाहिने जग्गा प्राप्ति र भोगाधिकार क्षेत्रमापर्ने जग्गासम्बन्धी प्रारम्भिक कानूनी प्रक्रिया अगाडि बढिरहेको र केही स्थानमा मुआब्जा वितरणको काम पनि सुरु भइसकेको एमसीए नेपालको भनाइ छ।

यसै गरी एमसीए-नेपालअन्तर्गत हुने खर्चमा नेपाल सरकारले बेहोर्नुपर्ने दायित्वको अंश सुरुआती सम्झौताको तुलनामा बढेको छ । सुरुआती सम्झौतामा एमसिसी परियोजनाका लागि कूल ६३ करोड अमेरिकी डलर बराबर लागत अनुमान गरिएको थियो। जसमध्ये ५० करोड अमेरिकी डलर एमसिसी अनुदान र १३ करोड अमेरिकी डलर नेपाल सरकारले बेहोर्ने कम्प्याक्टमा उल्लेख छ तर गत जेठ ९ गतेको मन्त्रिपरिषद् बैठकले 'नेपाल र एमसिसीबीच सम्पन्न सम्झौता संशोधन गरी नेपाल सरकारको योगदान वृद्धि गर्न स्वीकृति दिने' निर्णय गरेको थियो।

मन्त्रिपरिषद्को उक्त निर्णयपछि नेपाल सरकारले बेहोर्ने दायित्व छ करोड ७० लाख अमेरिकी डलर थप भई १९ करोड ७० लाख अमेरिकी डलर पुगेको छ । यसरी समग्र परियोजनामा हुने खर्चको अनुमानसमेत ६३ करोड अमेरिकी डलरबाट बढेर ६९ करोड ७० लाख अमेरिकी डलर पुगेको छ । एमसीए-नेपालअन्तर्गत हुने कूल खर्चमा नेपाल सरकारले बेहोर्नुपर्ने दायित्वको अनुपात यसअघि २० दशमलव ६३ प्रतिशत रहेकोमा अब बढेर २८ दशमलव २६ प्रतिशत पुगेको छ । परियोजनामा नेपालले बेहोर्नुपर्ने गरी पछिल्लो पटक थपिएको दायित्व करिब रु नौ अर्ब बराबर हो। एमसीएअन्तर्गतका आयोजनामा खर्च हुने गरी चालु आर्थिक वर्षका लागि सरकारले रु १० अर्ब ८४ करोड १७ लाख बराबरको बजेट विनियोजन गरेको छ। सोमध्ये विद्युत् प्रसारण आयोजनातर्फ रु आठ अर्ब ७७ करोड ६३ लाख ६६ हजार, सडक मर्मत आयोजनातर्फ रु एक अर्ब ५० करोड ७६ लाख ५३ हजार, अनुगमन तथा मूल्याङ्कनतर्फ २१ लाख ९३ हजार र कार्यक्रम प्रशासनतर्फ रु ५५ करोड ५४ लाख ८८ हजार बराबर विनियोजन गरिएको छ।

## बाढीले कागबेनीमा ५ करोडको आश्रम सहितको भौतिक संरचनामा क्षति

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं



गत साउन २९ गते हिमाल पारीको जिल्ला मुस्ताङको धार्मिक एवं पर्यटकीय तिर्थ स्थल(धर्मशाला) कागबेनीमा आएको बाढीले कागवेनी तिर्थ स्थलमा मात्र करिब ५ करोड मूल्य बराबरको क्षति पुगेको छ।

उक्त बाढीका कारण अतिथिको आवासको सेवाका लागि आवश्यक पर्ने खाद्यन्न, विस्तारा, सिरक डस्ना, कम्बल, सय जनाका लागि भोजन बनाउने ठूला-ठूला भाँडाहरू, ३० वटा सिलिण्डर, मन्दिरका बहुमुल्य गहना, चाँदीका भाँडाकुँडा लगायत सम्पूर्ण भौतिक संरचनाहरु करिव ५ करोड वरावरको सम्पत्तिको क्षति भएको सोमबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गाइएको हो। मुस्ताङको कागवेनीमा आएको भिषण बाढीका कारण स्थानीय वासिन्दाहरूलाई पुगेको क्षतिको खबरले आफुहरु अत्यन्तै दुःखि भएको सोमबार पोखरामा आयोजितपत्रकारभेटघाटकार्यक्रममा बोल्दै मुक्तिनाथपीठाधीश्वर स्वामी श्रीमुक्तिनाथबाबाले बताउनुभयो । मुक्तिनाथ मन्दिर, दामोदरकुण्ड एवं तीर्थश्राद्धको लागि कागवेनीधाममा जाउनुहुने महानुभावहरुको सेवा गर्ने पवित्र स्थल एवं भौगोलिक हिसावले विकट मुस्ताङ जिल्लाको कागवेनीधाममा श्रदेव मुक्तिनाथको संकल्पगत नेतृत्वमा सहयोगीजनहरूको अथक प्रयासबाट धर्मशाला अतिथि आश्रम निर्माण भए पनि हाल बाढीले ध्वस्त पारेको उहाँले बताउनुभयो। पितृ कार्यको लागि अति नै प्रसिद्ध तिर्थ स्थल कागवेनीमा अब देखि जाने साँधु सन्त र विखर्ची भक्तजनहरुलाई भोजन र आवासमा भने समस्या हुने भएको छ। विगत साँढे ३ दशक देखि कागवेनीमा स्थापना भएको कागवेनी तिर्थस्थल (धर्मशाला) गत साउन २९ गते आएको बाढीले बगायसंगै अब कागवेनी जाने साँधु सन्त र विखर्ची भक्तजनहरुलाई भोजन र आवासको लागि आफै व्यबस्था गर्नुपर्ने भएको छ।

अखण्डज्योतिवावा स्वामी श्रीजी च्यारिटेबल ट्रष्टको माध्यमवाट ध्यानकुटी, अतिथि स्वागतगृह, हवनमण्डप, सभागृह, स्नानगृह, पूर्व प्रधानमन्त्री स्व. गिरिजा प्रसाद कोईरालाको समेत सहयोगमा हेलिकप्टरको माध्यमबाट मेटलहरू दुवानी गरी बनाईएको गण्डकी सालग्राम मन्दिर लगायत अन्य भौतिक संरचनाहरू निर्माण भए पनि बाढीले बगाएको उहाँले बताउनुभयो । मुक्तिनाथ, दामोदरकुण्ड जाने आन्तरिक वाह्य पर्यटकहरूको लागि कागवेनी महत्वपूर्ण तिर्थ स्थल भएको स्वामी श्रीमुक्तिनाथबाबाले बताउनुभयो।

नेपाल तीर्थस्थल विकास राष्ट्रिय समिति र यस ट्रष्टका माध्यमवाट आफुहरुले आपत्कालीन राहत उपलब्ध गराउने तयारी गरिएको स्वामी कृष्णप्रपन्नाचार्य(करपात्री)ले बताउनुभयो । उक्त क्षेत्रका बाढी प्रभावितहरुलाई संघ, प्रदेश र स्थानीय सरकारले उचित रहात उपलब्ध गराउन माग गरिएको छ। नेपालको धार्मिक एवं पर्यटकीय तिर्थ स्थल कागवेनीमा पुगेको क्षतीको उचित राहत उपलब्ध गराउन माग गर्दै सामाजिक अभियान्ता महेश पराजुलीले आगामी दीनमा पुनः दुःखद् घटना नदोहोरियोस् भन्नका लागि नदीमा दीर्घकालीन तटबन्धनको समेत गरिदिन आग्रह गर्नुभयो।

पूर्व सावधानिका कारण कागवेनीमा मानवीय क्षति हुनबाट बचेको हो । कागवेनीमा २९ घर पूर्ण क्षती, १५ घरमा आशिंक क्षती पुगेको छ भने प्रहरी चौकी, गुम्बा लगायतका विभिन्न संघ संस्थाका भवनहरु बढीले बगाएको छ। केही घरमा लेदो सहित आएको बाढीले पुरेको छ।

## युवालाई देशको माया हुनुपर्छ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
बागलुङ, ५ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले युवा पुस्तामा देशप्रतिको माया हुनुपर्ने बताउनुभएको छ। उच्च शिक्षासम्म देशले लगानी गर्ने तर युवाहरूको ऊर्जावानर र उत्पादनशील समय विदेशमा बित्ने अवस्था सिर्जना भएको भन्दै उहाँले देशले आफूप्रति गरेको लगानी सम्झिन युवाहरूलाई आग्रह गर्नुभयो।

देशमा अवसर नै नभएको, देशको अवस्था गतिलो नभएको भन्ने हल्ला फैलाउने र युवा पलायनलाई बढावा दिनेहरूका विरुद्धमा सबै एकजुट भएर लाग्नुपर्नेमा उहाँको जोड थियो । मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश सरकारले उत्पादन वृद्धि र स्वरोजगार उत्पादनमा जोड दिएको भन्दै युवापुस्तालाई देश र माटोप्रतिको मोह बढाउन आग्रह गर्नुभयो । उहाँले आफ्ना छोराछोरीलाई विदेश पठाउन बल नगर्न अभिभावकलाई आग्रह गर्नुभयो। उहाँले विदेशमा पढेर मात्रै देशको विकास नहुने भन्दै स्वदेशमै शिक्षा आर्जन गर्ने र ऊर्जावान् समय देशमै बिताउन युवाहरूलाई


बाँकी अन्तिम पृष्ठमा ▶▶





# दक्ष जनशक्ति उत्पादनका लागि होटल संघ र हेल्भेटासको सहकार्य

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं



होटल क्षेत्रका लागि आबश्यक दक्ष जनशक्ति उत्पादनका लागि होटल संघ नेपाल र होटल संघ पोखरा नेपालको आयोजनामा २४ महिने निःशुल्क तालिम संचालन हुने भएको छ।

विभिन्न कलेज र कतिपय तालिम दिने इन्ष्टिच्यूटबाट समेत आबश्यकता अनुसारको दक्ष जनशक्ति प्राप्त नभएपछि हेल्भटास नेपाल अन्तर्गत संचालित दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर) को सहयोगमा दुई महिना पछि यस्तो तालिम संचालन गर्ने योजना अगाडि बढाइएको हो।

होटल संघ नेपालका कोषाध्यक्ष युवराज श्रेष्ठले होटल क्षेत्रका लागि आबश्यक दक्ष कामदार उत्पादनका लागि इनश्योरले विकास गरेको ड्युल भेट अप्रेन्टिसिप मोडल अर्थात् काम गर्दै सिक्दै अगाडि बढ्ने प्रणाली प्रभावकारी हुने विश्वास व्यक्त गरे। युरोपतिर बढी प्रचलनमा रहेको यो मोडेल नेपाली सन्दर्भमा पनि उपयोगी हुने उनले बताए। सन् २०१६ मा सुरु भई तीन चरणमा १० बर्षसम्म संचालन हुने तालिमको क्षेत्र सुरुमा कोशी, लुम्बिनी र बागमति प्रदेश भए पनि यसलाई विस्तार गरी गण्डकी लगायत कूल पाँच प्रदेशमा संचालन गरिने योजना रहेको उनले सुनाए। आयोजित कार्यक्रममा आफ्नो प्रस्तुती राख्दै इन्स्योरका क्वालिटी असुरेन्स स्पेस्लिष्ट केशव भण्डारीले सैद्धान्तिक र व्यवहारिक गरी कूल २४ महिनासम्म अप्रन्टिसिप मोडलको तालिम संचालन हुने जानकारी दिए। अधिकांश समय व्यवहारिक ज्ञान लिनका लागि कार्यक्षेत्रमा नै प्रशिक्षार्थी व्यस्त रहने उनले अवगत गराए। खाजा खर्च र कूल न्यूनतम पारिश्रमिकको २५ प्रतिशत पारिश्रमिक पनि यस्तो तालिममा उपलब्ध हुने उनले सुनाए। यसैगरी अन द जव ट्रेनिङ र काम गरी रहेकाहरुको लागि क्षमता सुधार तालिम पनि उक्त परियोजनाले संचालन गर्दै आइरहेको उनले जानकारी दिए। यसप्रकारका सबै तालिमहरु दक्ष जनशक्ति उत्पादनका लागि रोजगाररत र बेरोजगार सबैका लागि उपलब्ध भएको उनले बताए।होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले पर्यटन क्षेत्रले उद्योग सरहको मान्यता र सुविधा पाउनुपर्ने माग राखे। उनले नेपालमा अन्तर्राष्ट्रिय चेन होटलहरु भित्र्याउन पहल गर्नुपर्ने सुझाव पनि सुनाए। कार्यक्रममा बोल्दै होटल संघ नेपाल गण्डकीका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रेले नेपालको पर्यटनका लागि थुप्रै जनशक्ति आबश्यक परेको तर उपलब्ध नभईहरहेको बताए।

यस्तो जनशक्ति उत्पादन गर्ने र होटल प्रतिष्ठानहरुमा कार्यरत जनशक्तिको थप क्षमता विकासका लागि समेत यसप्रकारका तालिमहरु उपयोगी हुने उनले बताए। नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीका कार्यवाहक अध्यक्ष सूर्यवहादुर भुजेलले कूल ग्रहाहस्थ उत्पादनमा पर्यटन क्षेत्रको उल्लेख्य योगदान रहेको बताउँदै पर्यटन क्षेत्रका लागि ठूलो संख्यामा दक्ष जनशक्ति आबश्यक परेको बताए। तर अहिलेका पर्यटकीय प्रतिष्ठानहरु तालिम केन्द्र जस्तो बन्न पुगेको बताउँदै उनले मजदूरहरु होटल रेष्टुराँमा काम सिक्ने अनि विदेश जाने परिपाटीले समस्या उत्पन्न भएको उनले सुनाए। विद्यालय तहमा पर्यटन विषयको पढाई सुरु गर्नुपर्ने सुझाव पनि उनले राखे।

कार्यक्रममा प्रमुख वक्ताको रुपमा बोल्दै गण्डकी प्रदेशकी सांसद विमला गौचनले आफ्नो लागि पद भन्दा पनि सीप ठूलो कुरा भएको बताइन्। मानिसमा सीप हुनु ठूलो कुरा भएको बताउँदै उनले आफू पनि सीपका लागि धेरै संघर्ष गरेर अहिलेको अवस्थामा आइपुगेको अनुभव सुनाइन्। होटल क्षेत्रका लागि खासगरी कुकिङ, हस्पिटालिटी र हाउस किपिङमा दक्ष कामदारहरु आबश्यक परेको उनले बताइन्।

होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले पोखरा र वरपरकका एक हजार होटलका लागि १५ हजार दक्ष जनशक्ति आबश्यक परेको तर अहिले पाँच हजार पनि उपलब्ध नभएको तथ्यांक सुनाए। दक्ष कामदार उत्पादनका लागि होटल संघले सुरु गर्न लागेको तालिम उपयोगी हुने भनाई पनि उनले राखे। कार्यक्रममा घरेलु कार्यालयका शेषकान्त पौडेल, नेपाल पर्यटन बोर्डका पूर्व सदस्य वासुदेव त्रिपाठी, होटल संघ पोखरा नेपालका कोषाध्यक्ष नेत्र पौडेल लगायतले पनि भनाई राखेका थिए।

Embassy of India
Kathmandu (Nepal)

सत्यमेव जयते

**Vacancy Announcement**

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following post for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Gynecologist | ECHS Polyclinic Pokhara |
| 2. | Driver | |
| 3. | Peon | |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by 12 Sep. 2023.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-433232, 434477**

# लामाचौरमा हुने राष्ट्रिय भलिबल प्रतियोगितामा ५/५ टिम सहभागी हुने

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं

महिलाहरुको महान पर्व हरितालिका तिज पर्वको अवसरमा पोखराको लामाचौरमा यस बर्ष पनि आयोजना हुने राष्ट्रिय भलिवल प्रतियोगितामा महिला तथा पुरुष तर्फ ५/५ टिमको सहभागिता हुने भएको छ।

नव आदर्श सामुदायिक विकास समाज लामाचौरको आयोजनामा यही भदौ ३० देखि असोज १ गते सम्म संचालन हुने उक्त प्रतियोगितमा महिला तथा पुरुष तर्फ ३/३ विभागीय सहित ५/५ टिमको सहभागिता हुने भएको समाजका अध्यक्ष स्वागतमानसिंह भण्डारीले बताउनु भयो। लामाचौर तिज महोत्सवको अवसरमा आयोजना हुने उक्त प्रतियोगितामा महिलातर्फ ३ विभागिय टीम नेपाल पुलिस क्लव, नेपाल आर्मीको त्रिभुवन क्लव, सशस्त्र प्रहरीको एपिएफ क्लव, न्यू डायमण्ड एकेडेमी र न्यू एभरेष्ट भलिबल क्लव बुटवलको सहभागिता हुने तयारी गरिएको समाजले जनाएको छ। त्यसै गरी पुरुष तर्फ भने पनि ३ विभागिय टीम नेपाल पुलिस क्लव, नेपाल आर्मीको त्रिभुवन क्लव, सशस्त्र प्रहरी वलको एपिएफ क्लव, गण्डकी प्रदेश र मणीमुकुन्द क्लव बुटवलको सहभागिता हुने तयारी गरिएको अध्यक्ष भण्डारीले उल्लेख गर्नुभयो। राष्ट्रिय भलिबल प्रतियोगितामा महिला र पुरुषतर्फ उपाधि विजेतालाई जनही १ लाख ५० हजार १ सय ११ रुपैया साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ। त्यसै गरी दोश्रो हुने टिमलाई जनही १ लाख १ सय ११ र तेश्रो हुनेलाई जनही ५० हजार १ सय ११ रुपैयाँका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गनिरे भएको अध्यक्ष भण्डारीले बताउनु भयो। समाजले लामचौर तिज महोत्सवको अवसरमा उक्त भलिवल प्रतियोगिता विगतल लामो समय देखि निरन्तर रुपमा आयोजना गर्दै आएको छ। समाजले महोत्सव सहितको भलिवल प्रतियोगिता सम्पन्न गर्न आर्थिक सहयोग संकलन गर्ने अभियानमा हाल लागि रहेको पूर्व अध्यक्ष बुद्धी बहादुर खत्री क्षेत्रीले बताउनु भयो। तिज पर्वमा आफुहरुले समाजमा रहेका युवाहरुलाई खेलकुदको माध्यमबाट समाजमा केही परिवर्तन गर्न सकिन्छ भन्ने सन्देस दिन पनि खेलकुदलाई निरन्तरता दिदै आएको उहाँले जनाउनु भयो। समाजले भलिबल प्रतियोगिता संगै अन्तर विद्यालय लोक नृत्य प्रतियोगिता, अन्तर महिला समुह तिज गित प्रतियोगिता, सितोरियो कराँते प्रतियोगिता, स्रष्टा सम्मान, सांस्कृतिक कार्यक्रमहरु लगायतका कार्यक्रमहरु गर्न करिब ५० लाख खर्च लाग्ने समाजले जनाएको छ। इन्द्रराज्य लक्ष्मी माविको परिसरमा हुने लामाचौर तिज महोत्सवको अवसरमा विभिन्न खेलकुदको साथमा अन्य मनोरन्जनका कार्यक्रमहरु समेत हुने भएको पूर्व अध्यक्ष संजयकुमार अधिकारीले बताउनु भयो। समाजले विगत लामो समय देखि एम्बुलेन्स र शव वहान समेत संचालन गर्दै आएको छ।

## युवालाई ...

आग्रह गर्नुभयो। बागलुङको बलेवमा रहेको प्रसिद्ध कालभैरव मन्दिरमा मङ्गलबार ऐतिहासिक दोम्रो हरेलो मेलाको उद्घाटन गर्दै पाण्डले देशमा सबैखाले विकासले गति लिएको बताउनुभयो। उत्पादन वृद्धि, रोजगारीका अवसर सिर्जना हुँदै जाँदा युवा पुस्ता नरहने अवस्था सिर्जना हुन थालेको भन्दै उहाँले सबै राजनीतिक शक्तिले सोच्ने बेला आएको बताउनुभयो। देशमा भएका राजनीतिक परिवर्तनले विकासमा ठूलो टेवा पुर्याएको भन्दै पाण्डेले केही नभएको भन्ने हल्लाका पछि नलाग्न अग्रह गर्नुभयो। शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायतका क्षेत्रमा २० वर्ष पहिले र अहिलेको अवस्थामा आमूल परिवर्तन आएको उदाहरण दिँदै पाण्डेले लोकतन्त्रको सदुपायेग गर्नुपर्नेमा जोड दिनुभयो।

मुख्यमन्त्री पाण्डेले पर्यटन क्षेत्रको विकास, आर्थिक क्षेत्रको प्रवर्द्धनको आधार भएको बताउनुभयो। बागलुङको विकासका लागि पर्यटन क्षेत्रको विकासलाई प्राथमिकतामा राख्न उहाँले आग्रह गर्नुभयो।

**शिक्षक आवश्यकता**

यस विद्यालयमा रिक्त रहेको लेखा तथा प्रशासन सहायक पद पूर्ति गर्न यस विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०५/०४ गतेको निर्णय अनुसार करार सेवामा नियुक्तिका लागि तपसिल बमोजिमको विज्ञापन गरिएको छ। योग्यता पुगेका नेपाली नागरिकले यही भदौ २० गते अपरान्ह ४ वजेभित्र रीतपूर्वक आवेदन दिनुहुन सूचित गरिन्छ।

| क्र.स. | पद | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | लेखा तथा प्रशासन सहायक | व्यवस्थापन | १ | मान्यताप्राप्त शिक्षण संस्थाको व्यवस्थापन संकायबाट कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको। |

तलब सुविधा : नि. मा. वि. तहको शिक्षक सरह।
परीक्षा दस्तुर : १०००।–
परीक्षाको किसिम : लिखित र अन्तरवार्ता।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
सम्पर्क मिति : २०८० साल भदौ २१ गते।
उमेर हद : दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय वाणिज्य बैंकको अमरसिंह चोकको विद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ।
(नोट : यस विद्यालयमा आवासीय रुपमा पठनपाठन गरिने भएकाले छात्रावासमा बसेर जिम्मेवारी बहन गर्नेलाई प्राथमिकता दिइनेछ।)


विस्तृत जानकारीका लागि सम्पर्क:
**सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
पोखरा–१४, कास्की
सम्पर्क नं. ९८४६१४७६३६ वा ९८५६०४१९९५

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# छानबिन समिति बनाउने सहमति

सुन तस्करी प्रकरणको उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै आएको नेकपा एमालेको मागमा सत्ता पक्ष सहमत भएको छातस्करी छानबिन गर्न जाँचबुझ आयोग २०२६ अनुसार उच्चस्तरीय छानबिन समिति गठन हुने भएको छ । समितिको माग गर्दै एमालेले निरन्तर संसद अवरोध गरेपछि जाँचबुझ आयोग अनुसार नै गठन गर्ने तयारी गरेका छन । सोमबार बसेको सर्वदलीय बैठकले सीआईबीको अनुसन्धानलाई प्रभावित नहुनेगरी आयोग गर्ने सहमति बनेको थियो । सोहीअनुसार कार्यदलले ड्राफ्टसमेत तयार पारेको छ। कार्यदलमा एमालेबाट सुवास नेम्वाङ, माओवादीबाट हितराज पाण्डे र नेपाली कांग्रेसबाट रमेश लेखक छन् ।

सर्वदलीय बैठकको सहमतिअनुसार नै सीआईबीको अनुसन्धानलाई निरन्तरता दिनेगरी ड्राफ्ट तयार भएको छ । सीआईबीले निष्पक्ष र स्वतन्त्र ढंगले छानबिन गरेर तस्करीमा संलग्न भएका मानिसहरूलाई अभियोजनसमेत गरेर निष्कर्ष ढंगबाट निर्णयमा पुर्‍याउन दबाब नदिने सहमति भएको छ । तस्करी रोक्न त्यसमा कानूनी समस्या कहाँ छन् ? संरचनात्मक कमीकमजोरी कहाँ छन् ? यसरी पटक पटक तस्करी भएर सुन आउनु चिन्ताजनक हो । यसलाई पूर्णरूपमा नियन्त्रण गर्न आवश्यक भएको हुनाले यसका लागि कानूनी रुपमा हुने परिमार्जन र संरचनात्मक सुधारहरू र अहिलेसम्म तस्करीबाट आएका सुनहरूको समेत अध्ययन गर्ने, ती कुराहरूलाई गरेर सुझावसहितको प्रतिवेदन सरकारलाई बुझाउने भनेर एमालेले माग गरेअनुसार नै जाँचबुझ आयोग २०२६ अनुसार नै आयोग गठन गर्ने र त्यो आयोग कार्यप्रारम्भ गर्ने सहमति भएको छ ।'

सर्वदलीय बैठकले मस्यौदा टुंग्याउने तयारी भए पनि एमाले अध्यक्ष ओलीको स्वास्थ्य अवस्थाले मंगलबार बैठक बस्न नसकेकोले बुधबार टुंग्याउने सहमति छ। कार्यदलले सहमतिअनुसारको प्रतिवेदन तयार पारेको छात्यसलाई थप छलफल गरेर शीर्ष तहले टुंग्याउने छ। छानबिन समिति कसको नेतृत्वमा गठन गर्ने भन्ने अहिलेसम्म टुंगोमा नपुगेको पनि उच्च अदालतका न्यायाधीशको नेतृत्वमा बनाउने तयारी भएको छानेपालमा समिति नबनेसम्म ढुक्क हुन सकिदैन । समिति बनेपनि तस्करलाई जोगाउने र सानालाई कार्वाही गरेर आँखामा छारो हाल्ने काम नहोस् भनी निरन्तर दबाब दिनु आवश्यक छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मन चञ्चल |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

**बुटिक बिक्रीमा**
सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।
सम्पर्कः
९८१५१५६३०३

**बिमालेख हरायो**

नेपाल लाइफ इन्स्योरेन्स क.लि.बाट जारी गरिएको निम्न लिखित बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध गर्दछौ ।

| क.सं. | नाम | बिमालेख नं. |
|---|---|---|
| १। | योना लिम्बिजा पुन | 234000121 |

सम्पर्क
नेपाल लाईफ इन्स्योरेन्स क.लि.
हेम्जा उपशाखा, पोखरा, ९८०७१४४९९०

# वर्डक्याम्प नेपालको छैठौँ संस्करण पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं

'वर्डक्याम्प नेपाल'को छैठौँ संस्करण कास्कीको पोखरामा हुने भएको छ। सूचना प्रविधिको क्षेत्रमा महाकुम्भ मेलाका रूपमासमेत लिइने उक्त सम्मेलन सन् २०२४ को जनवरी १२ र १३ तारिखमा हुने तय भएको छ।

आयोजक समितिका सदस्य पारस देवकोटाका अनुसार वर्डप्रेस नेपालले सन् २०१२ देखि नेपालमा वर्डक्याम्प आयोजना गर्दै आएको छ । पछिल्लो पटक वर्डक्याम्प सन् २०२२ मा भरतपुरमा सम्पन्न भएको थियो । "वर्डक्याम्पहरू अनौपचारिक तथा स्थानीय रूपमा सङ्गठित सम्मेलन हुन् जसले वर्डप्रेस सफ्टवेयरसँग सम्बन्धित विभिन्न विषयका बारेमा जानकारी दिने, प्रशिक्षण गराउने साथै आपसी सहयोग तथा सहकार्यलाई मजबुत बनाउन भूमिका खेल्छन्", उहाँले भन्नुभयो । वर्डप्रेस एक निःशुल्क तथा खुला स्रोतको व्यक्तिगत प्रकाशन सफ्टवेयर भएको जानकारी दिँदै देवकोटाले यसको प्रयोगले आज विश्वभर झन्डै ४०% वेबसाइटको उत्पादन र सञ्चालनमा प्रत्यक्ष सहयोग पुगेको बताउनुभयो । विश्वमा पहिलो वर्डक्याम्प सन् २००६ मा वर्डप्रेसका सह-संस्थापक म्याट मुलेनवेगको अगुवाइमा अमेरिकाको सान-फ्रान्सिस्कोमा सम्पन्न भएको थियो । त्यसयता विश्वभरका वर्डप्रेस सम्बद्ध स्थानीय समुदायको सहकार्यमा सयौँ अरू वर्डक्याम्प सम्पन्न भएका छन्। आजसम्म ६५ देशका तीन सय ९१ सहरले एक हजार एक सय ७२ वर्डक्याम्प सम्पन्न गरिसकेको देवकोटाले जानकारी दिनुभयो । कार्यक्रममा नेपाल, भारत, अमेरिका, युरोपका विभिन्न देश, बङ्गलादेशलगायतबाट झन्डै एक हजार स्वदेशी तथा विदेशी प्रतिनिधि सहभागी हुने बताइएको छ। सम्मेलनमा वर्डप्रेस सफ्टवेयरलाई अझ सुरक्षित, उत्कृष्ट तथा सबल बनाउन कसरी योगदान गर्न सकिन्छ भन्ने सम्बन्धमा छलफलसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वक्ताले वर्डप्रेसका साथै सूचना प्रविधिसम्बन्धी विभिन्न विषयमा जानकारी एवम् प्रशिक्षण दिनुहुने देवकोटाले जानकारी दिनुभयो।

# तनहुँ अदालतमा सम्बन्धविच्छेदका मुद्दा बढी

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ भदौं

आर्थिक वर्ष २०७९/८० मा जिल्ला अदालतमा दर्ता भएका मुद्दामध्ये सम्बन्धविच्छेदका बढी रहेका छन् । अदालतमा कूल दुई हजार नौ सय २४ मुद्दा दर्ता भएकामा नौ सय २७ सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका छन् ।

त्यसमध्ये सात सय ५९ फछ्र्यौट भई एक सय ६८ सम्बन्धविच्छेदका मुद्दा फछ्र्यौटको चरणमा रहेको अदालतका स्रेस्तेदार केशवप्रसाद पौडेलले जानकारी दिनुभयो। त्यसैगरी कूल दर्ता भएका मुद्दामध्ये एक हजार आठ सय २३ फछ्र्यौट भई एक हजार एक सय एक मुद्दा फछ्र्यौट हुन बाँकी रहेको अदालतले जनाएको छ । अन्य मुद्दाको तुलनामा सम्बन्धविच्छेदका मुद्दा बढिरहेका छन् । त्यसअनुरुप कूल मुद्दाको ३१ दशमलव सात प्रतिशत मुद्दा सम्बन्धविच्छेदका रहेका छन् । वैदेशिक रोजगारीमा गएका व्यक्तिका पत्नी, सानै उमेरमा प्रेम विवाह गरेका र उमेर परिपक्व भएपछि आपसी कुराकानी नमिल्दा सम्बन्धविच्छेद हुने गरेको उहाँले बताउनुभयो। त्यसैगरी अन्तरजातीय विवाहपश्चात् घरपरिवारले नस्वीकार्दा, अपेक्षाअनुरुपमहिलाको माग पूर्ति नहुँदा, समयमा मायाप्रेम नपाउँदा आत्मसम्मानबाट अपहेलित हुँदा लगायतका घटनाबाट पनि महिलाले सम्बन्धविच्छेद गर्ने गरेको पाइएको छ । अदालतमा मुद्दा ल्याएर दण्ड दिइनु मात्रै विकल्प नभएकाले मनोसामाजिक परामर्श दिन आवश्यक देखिएको जिल्ला न्यायाधीश कोमलप्रसाद आचार्यले बताउनुभयो। "मानिसमा अझै पनि सचेतना जगाउन आवश्यक छ", उहाँले भन्नुभयो, "यस्ता कार्यलाई न्यूनीकरण गर्दै कानुनी कारबाहीमा कमी ल्याउन सक्नुपर्छ ।" त्यसैगरी अंशबन्डाका पाँच सय नौ मुद्दामा दुई सय ५९ फछ्र्यौट भई दुई सय ५० बाँकी रहेका छन् । विवाहसम्बन्धी ३० मध्ये १५ फछ्र्यौट भएका छन् भने १५ बाँकी रहेका छन् । लिखत बदरका एक सय ७६ मा ७० फछ्र्यौट भई एक सय छ प्रक्रियामा रहेका छन् । त्यसैगरी लेनदेनका एक सय २७ मध्ये ८२ फछ्र्यौट भई ४५ प्रक्रियामा रहेका छन् ।

जग्गासम्बन्धी २४ मध्ये १३ फछ्र्यौट भएका छन् भने ११ फछ्र्यौट हुन बाँकी रहेको सो कार्यालयले जनाएको छ । बहुविवाहका २३ मध्ये १२ फछ्र्यौट भई ११ मुद्दा प्रक्रियामा रहेका छन् । त्यसैगरी जबर्जस्ती करणीका ७२, कर्तव्य ज्यानका ३४, ज्यान मार्ने उद्योगका २३, आत्महत्या दुरुत्साहनका आठ, हाडनाताका आठ मुद्दा दर्ता भएको स्रेस्तेदार पौडेलले बताउनुभयो । त्यसैगरी जबर्जस्ती करणी उद्योगका छ, बालयौन दुरुपयोगका चार, गर्भपतनका तीन, छुवाछूतका दुई र बालविवाहका एक लगायतका मुद्दा दर्ता भएकामा करिब ५० प्रतिशत मुद्दा फछ्र्यौट भइसकेका छन् ।

# एसिया कप क्रिकेटका लागि नेपाली टोली पाकिस्तानतर्फ

**रासस**
काठमाडौं, ५ भदौं

पाकिस्तान र श्रीलङ्कामा आयोजना हुने एसिया कप क्रिकेट खेल्न जाने नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई नेपाल क्रिकेट सङ्घ (क्यान)ले मंगलबार सफलताको शुभकामना दिँदै बिदाइ गरेको छ।

यही भदौ १३ देखि ३१ गतेसम्म पाकिस्तान र श्रीलङ्कामा आयोजना हुने उक्त प्रतियोगितामा सहभागिता जनाउन जाने नेपाली टोली राति पाकिस्तान प्रस्थान गर्दैछ। पहिलोपटक एसिया कपमा सहभागिता जनाउन लागेको नेपाल समूह 'ए' मा रहेको छ। नेपालको समूहमा भारत र पाकिस्तान छन् । त्यस्तै समूह 'बी'मा श्रीलङ्का बङ्गलादेश र अफगानिस्तान रहेका छन्। नेपालले आफ्नो समूहको पहिलो खेल पाकिस्तानमा खेल्नेछ भने दोस्रो खेल श्रीलङ्कामा खेल्नेछ। नेपाल र पाकिस्तानबीचको पहिलो खेल यही भदौ १४ गते हुनेछ। त्यस्तै नेपालले आफ्नो दोस्रो खेल भारतसँग खेल्नेछ। नेपाल र भारतवीचको खेल भने श्रीलङ्मा हुनेछ । उक्त खेल भदौ १८ गते हुनेछ । बिदाइ कार्यक्रममा नेपाली राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक मोन्टी देशाइले उक्त प्रतियोगिताको लागि आफू निकै सकरात्मक रहेको बताउँदै प्रतियोगितामा जित हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो।

# नेपाल महिला संघ कास्कीमा शारदा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं



नेपाल महिला संघ कास्कीको अध्यक्षमा शारदा गिरी चयन भएकी छन् । उनलाई नेपाल महिला संघका २० जना केन्द्रीय सदस्यले हस्ताक्षर गरी एक विज्ञप्ती सहित अध्यक्षको जिम्मेवारी दिएको हो ।

उक्त विज्ञप्तीमा नेपाल महिला संघको बिधान २०५८ को तेस्रो संशोधन २०७८ भाग ७ को धारा ४१ अनुसार बिधान बिपरित भएको र कुनै कारणवश पद रिक्त भएमा सो स्थानमा यस बिधानमा अन्यथा व्यबस्था भएकोमा बाहेक जुन प्रकियाबाट चयन भएको हो सोही प्रकियाद्धारा पदपुर्ति गरिने व्यवस्था छ । हामीले महिला संघका अध्यक्ष तथा पार्टी नेतृत्वको ध्यानाकर्षण गराउँदा समेत कुनै सुनुवाई नभएपछि हामी बाध्य भएर तपशिल बमोजिमका जिल्लाहरुमा नेपाल महिला संघको तपशिलका जिल्ला अध्यक्षको जिम्मेवारी कायम गरिएको भनि जानकारी गराइएको छ । सिरहामा, मिनाकुमारी थापामगर, सोलुखुम्बुमा छिल्यामु शेर्पा, ताप्लेजुङमा मातृका देवि प्रसाइ, महोत्तरीमा अनिता शर्मा, बारामा बबितादेवि कलवार, पर्सामा विद्या श्रेष्ठ, कास्कीमा शारदा गिरी, नवलपरासी पश्चिममा मिठ्ठु के.सी र हुम्लामा ज्ञानु रोकायलाई अध्यक्षको जिम्मेवारी दिएको विज्ञप्तीमा उल्लेख रहेको छ । त्यसैगरी नेपाल महिला संघ कास्कीको जिम्मेवारी लिएसँगै अध्यक्ष शारदा गिरीले २९ जना कास्की जिल्ला कार्यसमिति सदस्यमा विद्यान बमोजिम थप मनोनयन गरेकी छिन् । जसमा प्रभा सुवेदी, श्रीमाया गुरुङ, सृजना दवाडी, विनिता पौडेल, देवी भण्डारी, रमा पौडेल, गंगा गुरुङ, सुमित्रा भट्टराई, गौमति थापा, गायत्री अर्याल, सावित्री पौडेल, विनिता बराल, ऋषिमाया लामिछाने, दुर्गा के.सी., सीता कार्की, रिता राना, माया तिमिल्सिना, सावित्री घिमिरे, गंगा आचार्य, गुप्ती गुरुङ, देउकुमारी थापा, गौमाया नेपाली, पार्वती कोइराला, सुनिता भण्डारी, मनु तिमिल्सिना, मिना सुवेदी, पार्वती खनाल, विजया रेग्मी (चञ्चला) र खिममाया अधिकारी रहेका छन् ।

कास्की अध्यक्ष शारदा गिरीले विद्यी, पद्धति र विधान बमोजिम काम गर्ने बताइन्, उनले भनिन्, नेपाली कांग्रेस विधिको शासन पद्धति, लोकतान्त्रिक व्यवस्था र नागरिक स्वतन्त्रताका लागि संघर्ष गर्दै आएको छ । अब हामीले अवलम्बन गरेको लोकतान्त्रिक व्यवस्था र शासन प्रणाली सबै बिधिबाट सुनिश्चित गरिने छ। उनले भनिन्, पार्टीका सबैलाई समेटेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरेकी छन् ।

# फोटोग्राफर संघ गण्डकीद्वारा फोटो प्रतियोगिताको घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं

१८४औं बिश्व फोटोग्राफी दिवसको अवसर पारेर फोटोग्राफर संघ गण्डकी द्वारा बिभिन्न विधामा फोटो प्रतियोगिताको घोषणा गरेको छ।

संघ ले फोटोग्राफरहरुको सम्मान प्रविधिको ज्ञान, व्यवसायिहरुलाई उत्साह र फोटोग्राफरहरुको मनोवल उच्च प्रदान गर्ने उदेश्यले उक्त प्रतियोगिताको घोष्णा गरेको हो । फोटोग्राफर संघ गण्डकी को स्थापना दिवस भाद्र २० गते समापन गरिने प्रतियोगितामा मिराज राष्ट्रिय बैवाहिक फोटो प्रीतियोगिता अर्न्तगत बिभिन्न ६ ओटा विधा सार्वजनिक गरेको छ । बेष्ट फोटो अवार्ड, ब्राईड एण्ड ग्रुम हेड सट,बेष्ट कलरिङ एण्ड रिटचिङ, बेष्ट मोमेन्ट क्याप्चरिङ, बेष्ट कपल पोजिङ, बेष्ट कल्चर गरी ६ ओटा बिधा रहेका छन। बेष्ट बैवाहिक फोटो अवार्डका लागी रु १५,५५५ नगद ट्रफी र प्रमाण पत्र रहेको छ भने अन्य बिधामा ट्रफी र प्रमाण रहेका छन् ।

मिराज राष्ट्रिय बैवाहिक फोटो प्रीतियोगिता बर्ष भरिनै चलिरहेको र प्रत्यक महिनाका उत्कृष्ट प्रतियोगितालाई प्रमाण पत्रले सम्मान गरिने प्रतियोगिताका संयोजक भक्त तामाङले जानकारी दिए । मिराज राष्ट्रिय बैवाहिक फोटो प्रीतियोगिताका लागी मिराज फोटोका संचालक भक्त तामाङ/बृहस तामाङले रु २ लाखको अक्षयकोषको स्थापना गरेको कुरा कोषाध्यक्ष जीवन ढुङ्गानाले बताएका छन् । यसैगरी संस्थाले गण्डकी प्रदेशलाई बिश्वभरी नै चिनाउने उद्येश्यका साथ यहाँका प्राकृतिक छटाहरुलाई उजागर गर्ने र आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्नका लागी नेचर एण्ड ल्याण्डस्केप बिधामा पनि प्रतियोगिताका घोषणा गरेको छ। नेचर एण्ड ल्याण्डस्केप बिधा अर्न्तगत फोटोहरु यण्डकी प्रदेश भित्रको हुनुपर्नेछ भने देशै भरिका फोटोग्राफरहरु यस प्रतियोगितामा भाग लिन पाउनेछन । उक्त प्रतियोगितामा बेस्ट फोटोले नगद ट्रफि र प्रमाणपत्र पाउनेछन भने उत्कृष्ट ५ तस्विरलाई ट्रफि र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# मञ्च गण्डकीको साधारण सभा असोज ६ गते

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको साधारण सभा तथा विधान अधिवेशन असोज ६ गते हुने भएको छ। मञ्चको हालै बसेको एकतीसौं बैठकले साधारण सभा तथा विधान अधिवेशन सम्बन्धी निर्णय गरेको मञ्चका महासचिव तथा प्रवक्ता राजाराम पौडेलले जनाए।

मञ्चको विधानलाई आवश्यकताको आधारमा परिमार्जन गर्दै समय सापेक्ष बनाउने उद्धेश्यका साथ विधान अधिवेशन सहितको साधारण सभा आयोजना गर्न लागिएको उनले खुलाए । जसको लागि मञ्चका सल्लाहकार रञ्जन अधिकारी क्षेत्रीको संयोजकत्वमा विधान संसोधन समिति गठन गर्ने निर्णय समेत बैठकले गरेको छ। मञ्चका अध्यक्ष र महासचिव पदेन सदस्य रहने समितिलाई पूर्णता संयोजक अधिकारीले दिनेछन् ।

गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्थाको रुपमा रहेको मञ्चले प्रदेशका सबै जिल्लामा शाखा विस्तार गर्ने तयारी समेत गरेको मञ्चका अध्यक्ष दीननाथ बरालले बताए। २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीको रुपमा स्थापना भएको यो संस्था २०७५ सालमा गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको थियो । हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन् ।

**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०५/०३

यस कार्यालयबाट मिति २०५०/०९/२५ मा कास्की जिल्ला पोखरा ०९ कास्कीमा संचालन गर्ने गरि फिरफिरे ०७ तनहुँ निवासी ओम प्रकाश गुरुङको नाममा दर्ता भएको फर्म दर्ता नं. ३०१०/०५० को ओम फार्मेसी नामक प्राईभेट फर्मको प्रोप्राईटरको मिति २०७८/१२/१६ मा मृत्यु भएको हुँदा निजको श्रीमती श्री लाल कुमारी गुरुङले मिति २०८०/०५/०३ मा फर्म नामसारी गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार प्रोप्राईटरको श्रीमती फिरफिरे ०७ तनहुँ निवासी श्री लाल कुमारी गुरुङको निवेदन अनुसार फर्म नामसारी भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको मानार्थ सदस्यमा केशब खत्री मनोनित

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको मानार्थ सदस्यमा केशब वहादुर खत्री मनोनीत भएका छन् ।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनमा तिन कार्यकाल सफलतापुर्वक अध्यक्ष भएर आफ्नो भुमिका निभाएर हालै निर्वतमान भएकाखत्रीलाई एशोसियसनको पहिलो बैठकद्धारा मानार्थ सदस्य दिने निर्णय सर्वसम्मतले पारित गरेको छ। बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका नव निर्वाचित अध्यक्ष ईन्द्रराज अर्यालले हालै निर्वतमान अध्यक्ष भएका खत्रीकोकार्यकालमा बुद्ध विशाल बजारले काचुली फेरेको बताउँदै



एशोसियसनले ता सम्पुर्ण व्यवसायीले उहाको योगदानको सम्मान गर्दै हालैभएको संस्थाको अधिवेशनमा खत्रीलाई सेवा पदकद्वारा सम्मान गरिएको र एशोसियसनलाई खत्रीको अभिभावकत्वको अझ धेरैआवश्यकता रहेको हुदा मानार्थ सदस्यमा मनोनित गरिएको बताए। मानार्थ सदस्यमा मनोनित भए पछि खत्रीले बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले आफुलाई योग्य ठानेर जुन जिम्मेवारी दिएकोछ, त्यो कुशलता पूर्वक निर्वाह गर्ने बताए । बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको मानार्थ सदस्यमा खत्री सगै एशोसियसनकापुर्व अध्यक्ष सुदीप ढकाल समेत गरि दुई जना हुने भएका छन् । बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको पहिलो बैठकले सल्लाहकारमा पुर्व अध्यक्ष माधव सिग्देल कानुनी सल्लाहकारमाजगन्नाथ ढकाल तथा मनोनित कार्यसमिति सदस्यमा ज्ञानेन्द्रमान श्रेष्ठ,दिनेश गुरूङलाई मनोनित गरेको छ भने एशोसियसनकोप्रवक्तामा मनोहरि पौडेललाई जिम्मेवारी दिएको छ । बैठकले महिला उप समिति संयोजकमा ईन्द्रमाया गुरुङ,खेलकुद उप समिति संयोजकमा कृष्ण कुवँरलाई जिम्मेवारी दिएको छ । साथैएशोसियसनको उच्च स्तरिय समन्वय समितिको संयोजकमा मानार्थ सदस्य केशव बहादुर खत्री सल्लाहकारहरूमा एशोसियसनकोअध्यक्ष ईन्द्रराज अर्याल संस्थाका उपाध्यक्ष बुद्धि वहादुर कुवँर र प्रवक्ता मनोहरि पौडेल रहेका छन् । बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष ईन्द्रराज अर्यालको अध्यक्षतामा भएको बैठकमा स्वागत मन्तव्य संस्थाकाउपाध्यक्ष बुद्धी वहादुर कुवँरले गरेका थिए भने कार्यक्रम सन्चालन एशोसियसनका महासचिव राजु केसीले गरेका थिए ।

# जानकीका विपन्न विद्यार्थीलाई पोशाक वितरण

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं



पोखरा महानगरपालिका वडा नं. १७ महतगौडास्थित जानकी माविमा अध्ययनरत विद्यार्थी स्कूल पोषाक पाउँदा हर्षित भएका छन् । विद्यालयमा आज आयोजित एक कार्यक्रममा स्कूल ड्रेस पाएपछि उनीहरुको मुहारमा खुशियाली छायएको हो ।

सामाजिक सेवामा समर्पित लायन्स क्लव अफ पोखरा विरौटा साझा चौतारीले विद्यालयमा अध्ययनरत २४ जना समाजका विपन्न एवम् असहाय विद्यार्थीलाई पोषाक वितरण गरेको क्लवका तृतीय उपाध्यक्ष एवम् कार्यक्रम संयोजक सिता काफ्ले भण्डारीले जानकारी दिनुभयो । “साथीहरु विद्यालय पोषाकमा आएको टुलुटुलु हेर्न बाध्ये उनीहरु पोषाककै अभावमा कतिपय शैक्षिक एवम् अतिरिक्त कृयाकलापमा समेत सहभागि बन्नबाट बञ्चित थिए” उहाँले भन्नुभयो,“विद्यार्थीको मनोवल उच्च बनाउन संस्थामा आवद्ध सदस्यबाट संकलन गरिएको ३१ हजार ६८० रुपैया बराबरका टिसर्ट र ट्र्याक सुट वितरण गरिएको हो ।”

कार्यक्रमको शुभारम्भ गर्दै लायन्स डिष्ट्रिक चियरपर्सन विष्णुप्रसाद सुवेदीले शैक्षिक गुणस्तरका लागि शिक्षक, अभिभावक र विद्यार्थीको त्रिकोणात्मक प्रयासको खाँचो औल्याउनुभयो । नेपाल सरकार, विभिन्न संघसंस्था एवम् शिक्षाप्रेमीहरुको सामुहिक प्रयासवाट सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढेदै गएको बताउँदै उहाँले सरकारले शिक्षा, स्वास्थ्य निशुल्क गर्नुपर्ने आवश्यकता औल्याउनुभयो । क्लवका अध्यक्ष लक्ष्मी बराल आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. १७ वडा सदस्य शिवराम भण्डारी, लायन्स सिजन चियरप्रसन भोजराज बराल, विद्यालयका प्रधानाध्यापक अर्जुन कडेल, सदाशिव सिद्धेश्वर हरिहर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र शर्मा भण्डारी, लायन्स गिता पराजुली, क्लवका सचिव अमृता अधिकारी लगायले शिक्षाको महत्व र आवश्यकता माथि चर्चा गर्नुभएको थियो ।

महिला मात्र सदस्य रहेको उक्त क्लवले यसअघि पोखरा १७ छोरेपाटनमा सञ्चालित मानव सेवा आश्रममा १५ हजार बराबरको एक छाक खाना सहयोग गर्नुका साथै सितापाईला ढुंगेसाघु आमा समुहको हातामा विभिन्न जातका ११ हजार फुलका विरुवा रोपेको कार्यक्रममा जानकारी गराइएको थियो ।

# लायन्स क्लब रिजन १२ अन्तर्गतका क्लबहरूको संयुक्त पदस्थापन तथा सपथग्रहण

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं

लायन्स क्लब इन्टरनेशनल, डिष्ट्रिक्ट ३२५ एम, नेपाल, रिजन १२ अन्तर्गतका जोन २३ र २४ का क्लबहरूको संयुक्त पदस्थापन तथा सपथग्रहण सम्पन्न भएको छ ।

गण्डकी क्षेत्रका ९ वटा क्लबहरूको सोमबार पदस्थापन गराउँदै डिष्ट्रिक्ट गभर्नर पीएमजेएफ लायन भीमलाल पौड्यालले लायनवादलाई स्थापित गराउन क्लबहरूको प्रमुख भूमिका हुने बताउनुभयो । सेवाबाट सन्तुष्टि प्राप्त गर्ने डिष्ट्रिक्टको मूल नारा अन्तर्गत प्राथमिकता क्रममा राखिएका कार्य गर्न जोड दिँदै उहाँले पदस्थापित क्लबलाई सदस्यतासँगै क्लब वृद्धिमा समेत ध्यान दिन आग्रह गर्नुभयो । विभिन्न संघसंस्थासँग मिलेर सामाजिक कार्यमा हातेमालो गर्न सुझाव दिँदै डिष्ट्रिक्ट गभर्नर पीएमजेएफ लायन पौड्यालले सेवाका कार्यसँगै लायन्सका



विभिन्न गुठीमा योगदान गर्न समेत जोड दिनुभयो ।

फष्ट भाइस डिष्ट्रिक्ट गभर्नर एमजेएफ लायन चण्डीप्रसाद अर्यालले नयाँ स्थापित क्लब र नयाँ सदस्यहरूलाई स्वागतसहित सपथ ग्रहण गराउँदै लायनवादको मूल मर्मलाई आत्मसात गरेर प्रतिबद्ध भएर सेवाका कार्य गर्न आग्रह गर्नुभयो । त्यस्तै, सेकेण्ड भाइस डिष्ट्रिक्ट गभर्नर पीएमजेएफ लायन धनीराम बरालले सेवासँगै योगदानलाई समेत प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो । डिष्ट्रिक्ट चिफ एडमिनिष्ट्रेटर लायन किशोर बराल, डिष्ट्रिक्ट पीआरओ इन-चिफ लायन दीपक खरेलले लायनवादको महत्वका बारेमा बोल्नुभएको थियो ।

कार्यक्रममा जोन २३ अन्तर्गतका क्लबहरू लायन्स क्लब अफ पोखरा डेष्टिनेशन, लायन्स क्लब अफ पोखरा सेन्ट्रल सेन्चुरी, लायन्स क्लब अफ पोखरा शान्ति स्तुपा चौतारी र लायन्स क्लब अफ पोखरा समता प्रदेशको पदस्थापन गरिएको हो । त्यसैगरी, जोन २४ अन्तर्गतका नयाँ क्लब लायन्स क्लब अफ पोखरा इन्टरप्रेनर्स टाउनसहित लायन्स क्लब अफ पोखरा डाउन टाउन, लायन्स क्लब अफ पोखरा कालिका भ्यू टाउन, लायन्स क्लब अफ पोखरा गण्डकी प्रदेश, लायन्स क्लब अफ पोखरा डायमण्ड टाउनको समेत पदस्थापन गरिएको छ । सो अवसरमा क्लबका निवर्तमान अध्यक्षहरूले कार्यप्रतिवेदन र वर्तमान अध्यक्षहरूले भावी कार्ययोजना प्रस्तुत गरेका थिए ।

कार्यक्रममा पहिलो सत्रको अध्यक्षता जोन २३ का जोन चेयरपर्सन लायन राजेन्द्रप्रसाद शर्मा र दोस्रो सत्रको अध्यक्षता लायन शिव तिमिल्सिनाले गर्नुभएको थियो । सो अवसरमा रिजन चेयरपर्सन एमजेएफ लायन कोपिला श्रीस, जोन २४ का जोन चेयरपर्सन लायन शुक्रराज अधिकारी र लायन छविलाल पनेरूले पनि बोल्नुभएको थियो ।

# बागलुङमा चारपाङ्ग्रेको लाइसेन्स परीक्षा पुनःसञ्चालन हुँदै

पोखरापत्र संवाददाता
म्याग्दी, ५ भदौं

म्याग्दीलगायत साविक धवलागिरि क्षेत्रका सेवाग्राहीलाई लक्षित गरेर बागलुङमा ११ वर्षपछि पुनः चारपाङ्ग्रे सवारी साधनको चालक अनुमतिपत्र (लाइसेन्स) परीक्षा सञ्चालन हुने भएको छ ।

नयाँ मापदण्डअनुसारको संरचना नहुँदा विसं २०६९ देखि चारपाङ्ग्रेको प्रयोगात्मक (ट्रायल) परीक्षा बागलुङमा हुनसकेको थिएन । यातायात व्यवस्था कार्यालयका प्रमुख पारसिंह थापाले यसै महिनादेखि चारपाङ्ग्रे सवार ि साधनको ‘लाइसेन्स’ परीक्षा सुरु गर्ने ट्रायल सेन्टर छनोट भइसकेको जानकारी दिनुभयो ।

“ट्रायल परीक्षाका लागि मापदण्ड पुगेको पूर्वाधार र सवारीसाधन भाडामा लिन गत असारमा बोलपत्र आह्वान गरेका थियौँ”, उहाँले भन्नुभयो, “प्रतिस्पर्धामार्फत छनोट भएको धवलागिरि ड्राइभिङ सेन्टर प्रालि बागलुङलाई सम्झौताका लागि बोलाएका छौँ ।” कार्यालयको आफ्नै जग्गा नभएका कारण प्रयोगात्मक ‘ट्रायल’ परीक्षाका लागि ड्राइभिङ इन्स्टिच्युटले बनाएको संरचना भाडामा लिन लागेको हो । दुईपाङ्ग्रेको ‘ट्रायल’ परीक्षा पनि बागलुङ नगरपालिका–१ रामरेखामा भाडाकै जग्गामा सञ्चालन हुँदै आएको छ । “कार्यालयको आफ्नै जग्गा र पूर्वाधार नभएपछि निजी क्षेत्रसँग मिलेर लाइसेन्स परीक्षालाई व्यवस्थित गर्न लागिएको हो”, प्रमुख थापाले भन्नुभयो, “लामो समयसम्म चारपाङ्ग्रेको ट्रायल रोकिँदा बागलुङसहित पर्वत, म्याग्दी र मुस्ताङका सेवाग्राही लाइसेन्सका लागि बाहिर जानुपर्ने बाध्यता अब हट्छ ।”

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले बागलुङबाट चारपाङ्ग्रे सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालन हुँदा सिङ्गै धवलागिरि क्षेत्र लाभान्वित हुने बताउनुभयो । “बागलुङमा चारपाङ्ग्रेको ट्रायल सञ्चालन गर्न मन्त्रालयले चासो र पहल लिएको छ”, उहाँले भन्नुभयो, “बागलुङमा परीक्षा सञ्चालन नहुँदा कास्कीलगायतका कार्यालयमा सेवाग्राहीको चाप पनि घट्छ ।” लाइसेन्स परीक्षाको नयाँ मापदण्ड लागू भएपछि बागलुङमा ठाउँ अभावका कारणले चारपाङ्ग्रेको ट्रायल हुनसकेको थिएन । गण्डकी प्रदेशमा कास्की, बागलुङ, तनहुँ र नवलपुर गरी चार ठाउँबाट सवारी चालक अनुमतिपत्र (लाइसेन्स) परीक्षा सञ्चालन हुँदै आएको छ । दैनिक सयौं जनाले लाइसेन्सका लागि लिखित र प्रयोगात्मक परीक्षा दिन्छन् । सवारी चालक अनुमतिपत्र सेवालाई सहज र छरितो बनाउन अनलाइन भुक्तानी सेवा गण्डकी प्रदेशबाटै सुरु भएको छ । तत्काललाई कास्कीबाट सुरु भएको उक्त सेवा छिट्टै बागलुङ, तनहुँ र नवलपुर कार्यालयबाट पनि सुरु हुने मन्त्रालयका प्रवक्ता टीकाराम पौडेलले जानकारी दिनुभयो ।

# पर्यटकको आकर्षण बन्दै रोला झरना

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं

पोखरा महानगरपालिका-२८ स्थित माझठाको रोला झरनामा यतिखेर आन्तरिक पर्यटकको आकर्षण बढेको छ । जङ्गलकोबीच भागमा रहेको मनोरम झरनामा पछिल्लो समय आन्तरिक पर्यटकको चहलपहल पनि बढेको छ ।

पैसठ्ठी मिटर अग्लो झरनाको दृश्यावलोक गर्ने, दहमा पौडी खेल्दै रमाउने र शीतलताको अनुभूति गर्ने पर्यटकको दैनिकजसो भीड लाग्ने गरेको स्थानीय सूर्यमोहन बाँस्तोलाले जानकारी दिनुभयो । उहाँका अनुसार सुगमस्थान एवं प्रचुर सम्भावना रहेर पनि झरनापछि परेको अवस्थालाई दृष्टिगत गर्दै यसको संरक्षण र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न स्थानीय पहल महत्वपूर्ण बनेको छ । यसअघि विसं २०७३ मा स्थानीयको पहलमा नेटाबाट झरनासम्म पुग्ने मोटरबाटो निर्माण गरिएसँगै रोला झरना प्रचारप्रसारमा आएको हो । उहाँले भन्नुभयो, “यतिखेर दैनिक पाँच सयदेखि एक हजार पाँच सय जनासम्म आन्तरिक पर्यटक आउने गरेका छन् । विशेष गरी प्रत्येक हप्ताको शनिबार झरनामा रमाउनेको बढी भीड लाग्ने गरेको छ ।” झरनासम्म पुग्न कच्ची मोटरबाटो निर्माण भएसँगै विगतका वर्षहरूमा ट्रिप लड प्रालिले सहासिक खेल क्यानोनिङ सञ्चालन गर्दा थप आकर्षण बढेको उहाँको भनाइ छ । तर दुई वर्षयता क्यानोनिङ सञ्चालन भएको छैन । पर्यटक बढाउन झरनामा पर्यटकीय गतिविधि सञ्चालन गर्नु अपरिहार्य बनेको उहाँको भनाइ छ । पर्यटक रमाउन पुग्ने पर्यटकलाई तात्कालीन सुविधा पुऱ्याउने लक्ष्यका साथ पोखरा महानगरपालिका वडा नं. २८ ले दुई वर्षअघि चेन्जिङरुम र शौचालय निर्माण गरेको थियो । लायन्स क्लब अफ पोखराको रु ६२ हजार र नेपाल लायन्स फाउण्डेशनको रु ५० हजार गरी कूल एक लाख १२ हजारको लागतमा रोला झरनामा ट्रष्ट प्रतिक्षालय निर्माण गरिएको लायन्स इन्टरनेशनल डिष्टिक ३२५ ‘के’ का जोन चियरपर्सन भोला ओफाले जानकारी दिनुभयो । झरनाको ५०/६० मिटरको फरकमा पूर्वउत्तरमा ढोडेली झरना छ भने सो पानी एकीकृत भएर केही तल्लो भागमा निलिरह जुम्ल्याहा झरना पनि छ । कास्की निर्वाचन क्षेत्र नं १ प्रतिनिधिसभा सदस्य मनबहादुर गुरुङसहितको एक टोलीले उक्त झरनाको स्थलगत अध्ययन अवलोकन गरी प्राकृतिक स्रोतको भरपुर उपयोग गरी स्थानीय बासिन्दाको आयआर्जनमा सहयोग पुग्नेमा जोड दिएको छ । सांसद गुरुङले पर्यटकीय नगरी पोखराको महत्वपूर्ण पर्यटकीय गन्तव्यकारूपमा विकास गर्नका लागि गुरुयोजना निर्माण गरेर आवश्यक भौतिक संरचना निर्माणमा तीनै तहका सरकार जिम्मेवार भए लाग्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

झरनासम्म बाटोको सुविधा, पानी पर्दा ओत बस्ने ठाउँ लगायतका विभिन्न अत्यावश्यक भौतिक संरचना तयार गरेर आन्तरिक एवम् बाह्य पर्यटकलाई सुविधा पुऱ्याउनु तत्काल पहल गरिने उहाँको प्रतिबद्धता थियो । स्थानीय हरिप्रसाद बाँस्तोलाका अनुसार बेगनास तालकोजलाधारक्षेत्रकारूपमारहेको स्याङखुदीदेखि चण्डीखोलाको निलिरहका झरनासम्म मोटर बाटो निर्माण गरी त्यसभन्दा करिब एक सय मिटरमा अवस्थित रोला र ढोडेली झरनासम्म पैदलमार्ग निर्माण गर्ने हो भने एक दिनको प्याकेज बनाउने सकिन्छ । यसले पर्यटकको बसाइँ लम्ब्याउन सहयोग पुग्ने उहाँको विश्वास छ ।

पृथ्वीराजमार्गको तालचोकदेखि बेगनासताल खण्डको शिशुवा तथा मोहोरीयाबाट बेगनासताल, खास्टेताल, मैदीताल, रुपातालालाई नियाल्दै लामास्वारा, स्याङखुदीबाट बाँस्तोला गाउँको नेटा हुँदै उक्त झरनासम्म पुग्न सकिन्छ ।

# न्यायाधीश नियुक्ति प्रक्रिया तत्काल सुरु गर्छु : प्रधानन्यायाधीश श्रेष्ठ आग्रह

रासस
काठमाडौं, ५ भदौं

नवनियुक्त प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले पद तथा गोपनीयताको शपथ लिएसँगै मंगलबार पदवहाली गर्नुभएको छ ।

सर्वोच्च अदालतमा पुगेर पदवहाली गर्ने क्रममा उहाँले न्यायाधीश नियुक्ति प्रक्रिया तत्काल सुरु गर्ने बताउनुभयो ।

३१औं प्रधानन्यायाधीशका रूपमा आफ्नो कार्यभार प्रारम्भ गर्नुभएका उहाँले न्यायको अनुभूति हुने गरी काम गर्ने बताउनुभयो । आफ्नो कार्यकालमा केही गरेर जाने उल्लेख गर्दै उहाँले न्याय परिषद्को बैठक राखेर तत्काल न्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउने र मुद्दा फछ्र्योटमा ध्यान दिने बताउनुभयो । नेपालको संविधानको धारा १२९ को उपधारा २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले सोमबार श्रेष्ठलाई प्रधानन्यायाधीश पदमा नियुक्त गर्नुभएको हो । संसदीय सुनुवाइ समितिले सोमबार नै प्रधानन्यायाधीशमा श्रेष्ठलाई सर्वसम्मत अनुमोदन गरेको थियो । विसं २०१६ असोज २० मा डोटी जिल्लामा जन्मिनुभएका प्रधानन्यायाधीश श्रेष्ठको कैलालीको धनगढीमा स्थायी बसोबास रहेकोमा हाल काठमाडौंको कुलेश्वरमा बस्दै आउनुभएको छ ।

# महिला टी–२० सिरिज : नेपालद्वारा हङकङ पराजित

रासस
काठमाडौं, ५ भदौं

चार देश सम्मिलित महिला टी–ट्वान्टी सिरिजअन्तर्गत हङकङविरुद्धको पहिलो खेलमा नेपाल विजयी भएको छ । नेपालले हङकङलाई ६ विकेटले पराजित गरेको हो । डेब्यू खेलमै नेपालकी पूजा महतोले उत्कृष्ट बलिङ र ब्याटिङ गरिन् । उनले हङकङविरुद्धको खेलमा १६ रन बनाउनुका साथै एक विकेट समेत लिइन् ।

मलेसियाको राजधानी क्वालालम्पुरस्थित बायोमास ओभल क्रिकेट मैदानमा हङकङले नेपाललाई जितका लागि ८५ रनको लक्ष्य दिएको थियो । उक्त लक्ष्य नेपालले १५ दशमलव पाँच ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालका लागि सम्झनाकुमारी खड्काले अविजित ३६ रन बनाइन् । उनले ३६ बल खेल्ने क्रममा पाँच चौकासमेत हिर्काइन् । यस्तै पूजा महतोले १६, कप्तान रुबिना क्षेत्री बेलबासेले १० रनको योगदान दिइन् । हङकङले नेपालको खातामा १३ अतिरिक्त रन थपेको थियो । यसअघि नेपाली टोलीकी कप्तान रुबिना क्षेत्री बेलबासेले टस जितेर पहिला फिल्डिङ गर्ने निर्णय लिएकी थिइन् । हङकङले १९ दशमलव एक ओभरमा सबै विकेटको क्षतिमा ८४ रन मा बनायो । हङकङका लागि का यिङ चानले ३४ तथा शिङ यान दोरोथिया चानले १६ रन बनाउनु बाहेक अन्य खेलाडीले सम्झिन लायक रन बनाउन सकेनन् । हङकङको खातामा नेपालले चार अतिरिक्त रन थपेको थियो ।

बलिङतर्फ नेपालका लागि सीता रानामगर एक्लैले पाँच विकेट लिइन् । उनले चार ओभर बलिङ गर्दै मात्र १६ रन खर्चेकी थिइन् । सीता प्लेयर अफ दी म्याच भइन् । यस्तै इन्दु बर्मले दुई तथा कविता कुँवर, पूजा महतो र रुबिना क्षेत्री बेलबासेले एक/एक विकेट लिए । महिला टी–ट्वान्टी सिरिजअन्तर्गत आजै भएको अर्को खेलमा मलेसियाले कुवेतलाई आठ विकेटले पराजित गरेको छ । आयोजक मलेसियासहित नेपाल, हङकङ र कुवेतले महिला टी–ट्वान्टी सिरिज खेलिरहेका छन् । यही अगष्ट ३१ तारिखदेखि मलेसियामै हुने आइसिसी महिला टी–२० विश्वकप एसिया क्वालिफायरको तयारीस्वरुप नेपालले उक्त सिरिज खेलिरहेको छ ।